प्रधानमन्त्री

काठमाडौं, नेपाल



# शुभकामना

निजामती सेवाले कानूनी रूपमा संस्थागत स्वरूप लिएको दिनलाई आधार मानी प्रत्येक वर्ष भदौ २२ मा मनाउने गरिएको निजामती सेवा दिवसका अवसरमा सम्पूर्ण निजामती कर्मचारीलाई हार्दिक बधाई दिन चाहन्छु ।

नेपालको अग्रगामी राजनीतिक परिवर्तनप्रति निजामती कर्मचारीहरूको प्रत्यक्ष र परोक्ष योगदान प्रशंसायोग्य छ । तानाशाही विरुद्धको सङ्घर्ष, त्यस सङ्घर्षमा खेप्नु परेको पीडा र गर्नु परेको बलिदान एवं आफ्ना पेशागत हकहितका लागि गरेका सङ्घर्ष सकारात्मक र प्रशंसायोग्य नै छन् । यस घडीमा म ती सङ्घर्षहरूमा शहादत प्राप्त गर्ने शहीदहरूप्रति श्रद्धासुमन अर्पण गर्दछु र पीडितहरूप्रति सहानुभूति प्रकट गर्दछु । तपाईंहरूले सहभागिता जनाएका र योगदान पुऱ्याएका आन्दोलनहरू सफल भएका छन् र तपाईंहरूका मागहरू पनि पूरा भएका छन् ।

आज देशमा लोकतन्त्र छ, लोकतान्त्रिक संविधान छ र जनतामा सार्वभौमसत्ता रहेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली छ । अब हामी जो जहाँ छौँ, त्यहीँबाट सबैले यस प्रणालीलाई सफल पार्नु छ । यतिबेला समस्त कर्मचारीले स्वच्छ आचरण र उच्च नैतिक मनोबलका साथ राष्ट्रिय एकताको भावधारामा एकताबद्ध हुँदै सुशासन र विकासको बाटोमा अग्रसर हुनु जरुरी छ । यसका लागि आफ्नो दक्षता अभिवृद्धि गर्ने र देशको विकास एवं जनताको सेवामा निष्ठापूर्वक समर्पित हुन समेत जरुरी छ ।

यस अवसरमा सम्पूर्ण निजामती कर्मचारीहरूमा उच्च नैतिक आचरण र पेशागत निष्ठा मार्फत जनताप्रति उत्तरदायी र असल शासनको व्यावहारिक अनुभूति प्रदान गर्ने सफलता मिलोस् भन्ने समेत शुभकामना व्यक्त गर्दछु । विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड–१९ को विषम परिस्थितिलाई सामना गर्ने सिलसिलामा जीवन जोखिममा राखी अग्रभागमा खटिनु भएका राष्ट्र सेवकहरूप्रति यस अवसरमा सम्मान समेत प्रकट गर्न चाहन्छु ।

नेपालको विभिन्न शासकीय व्यवस्थामा निजामती सेवाले आफ्नो सहभागिता जनाउँदै आएको छ । लोकतान्त्रिक शासन व्यवस्थामा यसको भूमिका र जिम्मेवारी अझै गहन र व्यापक भएको छ । लोकतन्त्रका लाभहरूको वितरण आम नागरिकसम्म पुऱ्याई जनताको सेवा गर्न, राज्यप्रति नागरिकको भरोसा र विश्वास अभिवृद्धि गर्न निजामती सेवाको भूमिका महत्त्वपूर्ण हुन्छ । निजामती सेवाको यस्तो भूमिका मार्फत् नै मुलुकको आर्थिक–सामाजिक विकास गर्न सकिन्छ र त्यसैको माध्यमबाट हामीले **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पूरा गर्नुपर्नेछ । राष्ट्रको यस आकाङ्क्षा पूरा गर्न सम्पूर्ण निजामती कर्मचारीहरूले आफ्नो क्षमता अभिवृद्धि गर्ने ज्ञान, सीप, दक्षता एवं त्यस क्षमतालाई निष्ठा र इमान्दारीपूर्वक व्यवहारमा प्रदर्शन गर्नुपर्ने आवश्यकता छ ।

निजामती कर्मचारीहरूमाथि लाग्ने गरेका तमाम आरोपहरूलाई चिर्दै पेशागत मूल्य, मान्यता र निष्ठालाई आत्मसात गरी उच्च नैतिक आचरण र व्यवहार मार्फत् सेवा प्रदान गर्न प्रत्येक निजामती कर्मचारीहरूले आफूलाई समयानुकूल ढङ्गले रूपान्तरण गर्नु पनि जरुरी छ । निजामती सेवाका संरचनाहरूलाई सङ्घीय शासन व्यवस्था अनुरूप रूपान्तरण गरी तीनै तहबीच संरचनागत, कार्यगत र भावनात्मक अन्तरसम्बन्धलाई संस्थागत गर्नुपर्ने आवश्यकता छ ।

कोभिड–१९ लगायत समय समयमा आउने अकल्पनीय बाढी, पहिरो, आगलागीजस्ता प्राकृतिक विपदका अवस्थाहरूमा कर्मचारीहरूले देखाएको परोपकारी भावना र सम्पादन गरेको काम प्रशंसनीय छ ।

अन्त्यमा, निजामती सेवा दिवसको अवसरमा समस्त राष्ट्रसेवक कर्मचारीहरूमा पुनः हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

२२ **भदौ**, २०७७

केपी शर्मा ओली